# महिला तथा बालिकाविरुद्ध भएका हिंसासम्बन्धी घटनाको अध्ययन प्रतिवेदन[१]

**'महिलाको सुरक्षा, सम्मान र रोजगारः समृद्ध नेपालको आधार'** भन्ने मूल नाराका साथ १ सय ११ औँ अन्तर्राष्ट्रिय महिला दिवस मनाइँदै छ । नेपाल संयुक्त राष्ट्रसङ्घले जारी गरेको महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि-१९७९ लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा अनुबन्धहरूको पक्षराष्ट्र हो । नेपालमा महिला अधिकारका सम्बन्धमा नीतिगत तथा कानुनी संरचनामा सुधार आएको भएपनि तिनीहरूको कार्यान्वयन सन्तोषजनक मान्न सकिने अवस्थामा छैन । महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागिताको अवस्थामा उल्लेख्य सुधार भएको छ । यति हुँदाहुँदै पनि नेपालका महिला विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट पीडित हुँदै आएका छन् । मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन गर्दै आएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले गरेको अभिलेख अनुसार सन् २०२० मा महिला तथा बालिकाविरूद्ध भएका हिंसात्मक घटनाहरूमा कमी आउन सकेको छैन । यो अध्ययन प्रतिवेदन मुलुकका सबै जिल्लाबाट प्राप्त घटनाहरूलाई इन्सेकले अभिलेख गरेको तथ्यतथ्याङ्कहरूको आधारमा तयार पारिएको हो । प्रहरी वा अन्य निकायमा मिलापत्र भएका वा कानुनी उपचार प्राप्त भई टुङ्गिएका घटनाहरू भने यहाँ प्रस्तुत तथ्याङ्कमा समावेश गरिएको छैन ।

| घटनाको प्रकार | पीडित सङ्ख्या, २०२० | | पीडित सङ्ख्या, २०१९ | |
|---|---|---|---|---|
| | महिला | बालिका | महिला | बालिका |
| बेचबखिन तथा ओसारपसार | २५ | ३४ | ५१ | ५४ |
| बेचबखिन तथा ओसारपसार प्रयास | ३२ | | ६९ | |
| घरेलु हिंसा | १३४६ | | २०७९ | |
| 'बोक्सी'को आरोप | ५८ | | ४२ | |
| बहुविवाह | २८२ | | ३८३ | |
| बलात्कार | ६४८ | ९८९ | ५३० | ८८४ |
| बलात्कार प्रयास | १५२ | | १४३ | |
| यौन दुर्व्यवहार | ६२ | ३३५ | ६३ | ३६५ |
| बालविवाह | | ४० | | ३६ |
| परिवारजनबाट हत्या | १०२ | | १३० | |
| दाइजोका कारण हत्या | ३ | | १३ | |
| **जम्मा** | **२७१०** | **१३९८** | **३३६३** | **१३३९** |

*नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० र २०२१ बाट*

नेपाली समाजमा भएको सामाजिक, आर्थिक तथा राजनीतिक परिवर्तन, मानिसमा वृद्धि भएको चेतनास्तर, साक्षरतामा भएको वृद्धि, कानुनी तथा प्रशासनिक संयन्त्रमा गरिएको सुधारका प्रयासले जनमानसमा महिलाप्रतिको दृष्टिकोणमा आएको परिवर्तन, समाज तथा घरभित्र गरिने व्यवहार र कानुनी संयन्त्रमा गरिएको सुधारले महिला हिंसाका घटना प्रकाशमा ल्याउन मद्दत पुगेको छ । यद्यपि निरन्तर रूपमा सार्वजनिक भइरहेका महिला हिंसा र ज्यादतीका घटनालाई

### एसिड प्रहार

***धनुषा***को जनकपुरधाम उपमहानगरपालिका-२० घर भई जनकपुरधाम-७ जानकीनगरमा डेरामा बस्दै आएकी २१ वर्षीया आरती साह र तीन वर्षीया बालिकामाथि एसिड प्रहार गरेको आरोपमा २४ वर्षीय सञ्जीव साहलाई जिल्ला प्रहरी कार्यालय, धनुषाले कात्तिक २९ गते गिरफतार गऱ्यो । कात्तिक २८ गते बिहान १० बजे आरोपित साहले पत्नी र छोरीको शरीरमा एसीड प्रहार गरी फरार भएका थिए । जनकपुरको जानकी हेल्थ केयर एण्ड टिचिङ हस्पिटलमा प्राथमिक उपचार गरी पीडितलाई थप उपचारको लागि कात्तिक २९ गते साँझ नै तीन वर्षीया छोरीसहित काठमाडौँ पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका इन्स्पेक्टर राजेश सिग्देलले बताए । आरोपितविरुद्ध मङ्सिर ३ गते जिल्ला अदालतमा मुद्दा दर्ता भयो । जिल्ला अदालत धनुषाको मङ्सिर ११ गते को आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन् ।

---

[1] सन् २०२० को जनवरीदेखि डिसेम्बरसम्म

अध्ययन गर्ने हो भने कानुनी र संरचनागत सुधारको आवश्यकतालाई भने नकार्न सकिँदैन । इन्सेकले महिलाको मानव अधिकारको अवस्थाको अनुगमन गर्ने क्रममा असमान ज्याला, पारम्परिक विभेद, सुरक्षित यौन तथा

## प्रदेशगत आधारमा महिला तथा बालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् 2020 को जनवरीदेखि डिसेम्बरसम्म)




| घटनाको प्रकार | महिला | बालबालिका |
|---|---|---|
| बेचबिखन तथा ओसारपसार | ३२ | ३४ |
| घरेलु हिंसा | १३४६ | |
| 'बोक्सी'को आरोप | ५८ | |
| बहुविवाह | २८२ | |
| बलात्कार | ६४८ | ९८९ |
| बलात्कार प्रयास | १५२ | |
| यौन दुर्व्यवहार | ६२ | ३३५ |
| बालविवाह | | ४० |
| परिवारजनबाट हत्या | १०२ | |
| दाइजोका कारण हत्या | ३ | |

प्रजनन् अधिकारका पीडितको अभिलेखन भएको छैन । कतिपय अवस्थामा पीडितले नै घटना बाहिर ल्याउन नचाहने कारण पनि यस्ता पीडित तथ्याङ्कमा पर्न नसकेका हुन् ।

महिलामाथि हुने हिंसाका घटनामा सन् २०२० मा पनि प्रवृत्तिगत कमी आएन । अभिलेखित घटनाको सङ्ख्यामा केही कमी देखिए पनि घटनाको प्रवृत्तिमा तात्विक भिन्नता पाइएन । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव तथा दुर्व्यवहारका घटनामा सन् २०२० मा २ हजार ७ सय १० जना पीडित भएको अभिलेख भयो । यस वर्ष बेचबिखन

प्रयासका घटनामा ३२ जना, बेचबिखनका घटनामा २५ जना, घरेलु हिंसाका घटनामा १ हजार ३ सय ४६ जना, कथित बोक्सीको आरोपमा ५८ जना, बलात्कारका घटनामा ६ सय ४८ जना, बलात्कार प्रयासका घटनामा १ सय ५२ जना, यौन दुर्व्यवहारका घटनामा ६२ जना महिला पीडित भएको अभिलेख भयो ।

मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार जीवनको अधिकार हो । तर, विभिन्न बहानामा महिलाहरूको हत्या हुने गरेको छ । यस वर्ष परिवाजनबाट १ सय २ जना महिलाको हत्या भयो । गत वर्ष यो सङ्ख्या १ सय २९ थियो । भनेजति दाइजो नल्याएको आरोपमा तीन जना महिलाको हत्या भयो भने सोही कारणले १२ जना महिला हिंसामा परेको अभिलेख भयो । परिवारजनबाट महिला मारिएका केही घटनामा पीडितपक्षले हत्याको आरोप लगायो भने आरोपित पक्षले आत्महत्या गरेको भनी बताएको पाइयो । पोष्टमार्टम रिपोर्टमा आत्महत्या देखिएको भन्दै प्रहरीले उजुरी नै नलिएका घटना पनि अभिलेख भए ।

## प्रदेशगत आधारमा महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या
## (सन् २०२० को जनवरीदेखि डिसेम्बरसम्म)




| घटनाको प्रकार | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपशिचम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | ६ | ४ | ५ | | ९ | १ | ३ |
| घरेलु हिंसा | ८० | २७ | ७० | १६२ | ६६८ | १११ | २२८ |
| 'बोक्सी'को आरोप | १ | २३ | ८ | २ | १४ | ८ | २ |
| बहुविवाह | ७२ | ४७ | ७६ | ९ | २५ | ४३ | १० |
| बलात्कार | १३१ | ८१ | २१० | ३६ | ११५ | ३० | ४५ |
| बलात्कार प्रयास | २५ | २९ | ३४ | ६ | ३० | १३ | १५ |
| यौन दुर्व्यवहार | ६ | ९ | ११ | ८ | १२ | १४ | २ |
| बालविवाह | ३ | २ | ५ | २ | ११ | | २ |
| **जम्मा** | ३२४ | २२२ | ४१९ | २२५ | ८८४ | २२० | ३११ |

नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार ४४ दशमलव ४ प्रतिशत १८ वर्षमुनीका बालबालिका छन् । बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ । शारीरिक रूपमा पनि बालबालिका वयष्क भन्दा कमजोर हुन्छन् । सोच्ने शक्ति पनि क्रमश विकास हुँदै गरेको अवस्थाले गर्दा ठिकबेठिक छुट्याउन पनि बालबालिकालाई गाऱ्हो हुन्छ । इन्सेकले गरेको अभिलेख अनुसार १ हजार ३ सय ९८

## ‘बोक्सी’ को आरोप

***सप्तरी*** मा ‘बोक्सी’को आरोप ३५ वर्षीया महिलालाई ०७६ माघ १२ गते ५८ वर्षीय, ४५ वर्षीय, ४४ वर्षीया, २२ वर्षीय र ४१ वर्षीय छिमेकीहरूले ‘बोक्सी’को आरोपमा कुटपिट गरे । पीडितका पतिले इलाका प्रहरी कार्यालयमा माघ १५ गते उजुरी दिए । जिल्ला प्रहरी कार्यालय, सप्तरीको आदेशमा घाइतेको स्वास्थ्य जाँच कोशी अस्पताल, विराटनगरमा माघ १४ गते गरियो । जिल्ला सरकारी वकिल कार्यालयले इलाका प्रहरी कार्यालय, कडरबोनाको नाममा उजुरी दर्ताका लागि पत्राचार गरे पनि दर्ता नभएको भन्दै पीडित र उनका पतिले असार ५ गते राजविराजमा पत्रकार सम्मेलन गरे । पीडितको घर आएका आरोपितमध्ये एक जनाले पीडितलाई देखाउँदै ‘यसको तान्त्रिक विद्याले बर्बाद गर्ने भई’ भन्दै तन्त्रविद्या सखाप पार्न ‘अभक्ष कोच्याएर कुटपिट गर’ भनी आदेश दिने बित्तिकै आरोपितहरूले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो । पीडितको उपचार न्युरो अस्पताल, विराटनगरमा गरियो । यो वर्षको अन्त्यसम्म उजुरी दर्ता भएन ।

जना बालिका पीडित भए। जसमध्ये बलात्कारका घटनामा ९ सय ८९, यौन दुर्व्यवहारका घटनामा ३ सय ३५, बेचबिखन तथा ओसारपसारका घटनामा ३४ जना, बाल विवाहका घटनामा ४० जना बालिका पीडित भएको अभिलेख भयो ।

**प्रदेशगत आधारमा बालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या**
**(सन् २०२० को जनवरीदेखि डिसेम्बरसम्म)**




| घटनाको प्रकार | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपशिचम प्रदेश | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | २ | ५ | ८ | १ | १३ | १ | ४ | ४० |
| बाल विवाह | ६ | ४ | ३ | ५ | २ | १७ | ३ | ३४ |
| बलात्कार | २१३ | १७६ | २३५ | ७४ | १८६ | ४८ | ५७ | ९८९ |
| यौन दुर्व्यवहार | ६१ | ५१ | ८१ | ३४ | ७२ | १९ | १७ | ३३५ |
| **जम्मा** | २८२ | २३६ | ३२७ | ११४ | २७३ | ८५ | ८१ | १३९८ |

## इज्जतको नाममा हत्या

***खोटाङ***मा २६ वर्षीया बहिनीलाई आफूले भनेको केटासँग विवाह नगरी आफूखुसी विवाह गरेको भन्दै ३३ वर्षीय दाजूले लाठी प्रहार गरी हत्या गरेको घटना इन्सेकले अभिलेख गऱ्यो । आरोपितलाई प्रहरीले गिरफ्तार गरी यो वर्षको अन्त्यसम्म अनुसन्धान गरिरहेको छ ।

## बलात्कारपछि हत्या

***मकवानपुर***को चार वर्षीया बालिकाको बलात्कारपछि हत्या गरेको आरोपमा १४ वर्षीय बालकलाई प्रहरीले गिरफ्तार गरी अदालत पेस गरेकामा जिल्ला अदालतले आरोपितलाई बाल सुधार गृहमा पठायो ।

***बझाङ***को मष्टा गाँउपालिका-२ खिकालाकी १२ वर्षीया सम्झना कामीको २०७७ असोज ७ गते सोही ठाँउका १६ वर्षीया बिर्केस भनिने राजेन्द्र बोहोराले बलात्कार पछि हत्या गरेको आरोपमा पीडितका बाजे गोर्खे कामीले असोज ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । जिल्ला प्रहरी कार्यालयको टोलीले आरोपितलाई असोज ८ गते घरबाट गिरफ्तार गऱ्यो । प्रहरीले आरोपितविरुद्ध जबरजस्तीकरणी गरी हत्या गरेको अभियोगमा असोज २८ गते जिल्ला अदालतमा अभियो दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डेको असोज ३० गतेको इजलासले आरोपितलाई बाल सुधार केन्द्र, डोटीमा पठाउन आदेश दियो । शवको पोष्टमार्टम असोज १६ गते जिल्ला अस्पताल सिमखेतमा भयो ।

## निष्कर्ष

महिला विरूद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबिच रहेको असमान शक्ति सन्तुलन, महिलाको आर्थिक परनिर्भरता र कानुनको कमजोर कार्यान्वयन अवस्था रहिरहेसम्म यस किसिमका अपराधमा कमी आउँदैन । यद्यपि सबै सरोकारवालाहरूको संयुक्त प्रयास र कानुनको प्रभावकारी कार्यान्वयनले महिलाविरुद्ध हुने हिंसाका घटनालाई न्यूनीकरण गर्न भने अवश्य सकिन्छ । गरिबी, अशिक्षा र आर्थिक सशक्तिकरणका कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन सके महिलामाथि हुने हिंसाका घटनामा कमी ल्याउन सहायकसिद्ध हुनेमा दुई मत छैन । पछिल्ला वर्षहरूका तथ्याङ्क हेर्दा यौन हिंसाका घटनामा वृद्धि भइरकेको पाइन्छ । तसर्थ बलात्कार पीडित महिलालाई मनोसामाजिक परामर्शका साथै आवश्यकताअनुसार परिवार र समाजमा घुलमिल हुने वातावरण तयार गर्नुपर्ने अवस्था रहेको छ ।

महिलाहरू घरेलु हिंसाबाट प्रताडित भए पनि मेलमिलापको प्रावधानले गम्भीर घटनामा पनि ध्यान दिइने गरिएको छैन । घरायसी काम गर्दागर्दै, जङ्गलमा घाँस दाउरा लिन गएको बेलामा र घरमा एक्लै भएको मौका छोपेर अधिकांश यौन अपराधहरू हुने गरेका छन् । स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई विशेष प्रकारको तालिम प्रदान गरी बलात्कारका घटनाको परीक्षण वैज्ञानिक तरिकाले गर्न सक्षम बनाउनु अति आवश्यक रहेको छ । जसले गर्दा घटना लगत्तै पीडितको स्वास्थ्य परीक्षण होस् । त्यसैगरी स्थानीय स्तरमा रहेका प्रहरीलाई महिला हिंसाका घटनालाई तत्कालै सम्बोधन हुने गरी तदारुकता देखाउन सक्षम बनाउने तालिम प्राप्त बनाउन पनि उत्तिकै आवश्यक छ ।

महिलाको स्वास्थ्य र त्यसप्रतिको संवेदनशीलताप्रति राज्यको अक्षमता अर्को गम्भीर विषय हो । राज्य एक्लैले महिलामाथि हुने हिंसाका घटना र त्यसबाट सिर्जित हुने समस्याको समाधान गर्न असम्भव जस्तै हुन्छ । गैरसरकारी संस्था र राज्यका निकायका यति धेरै प्रतिबद्धताका बावजुद् पीडितको सङ्ख्या बढ्दै जानु गम्भीर सरोकारको विषय हो । हुन त यस बीचमा अपराधविरूद्ध उजुरी गर्ने चेतनामा पनि वृद्धि भएको छ । घटना ढाकछोप गर्ने, गाउँघरमै मिलाउनेजस्ता गैरकानुनी क्रियाकलाप र त्यस्ता क्रियाकलापलाई सरकारी निकायबाटै साथ र सहयोग भएगरेका घटनाले अवस्थालाई सामान्यिकरण गर्दैन । विभिन्न तह र तप्काका जनप्रतिनिधि महिला हिंसासँग सम्बन्धित विषयमा

## सुझावहरू

- महिलामैत्री कानुन बनाउने सम्बन्धमा सर्वोच्च अदालतले गरेका आदेश र निर्देशनको पालना हुनुपर्ने ।
- छिटो न्यायका लागि द्रुत गतिका अदालत तथा पारिवारिक अदालतको गठन गर्नुपर्ने ।
- घरेलु हिंसाका प्रकृतिअनुरूप सजायको कानुनी प्रावधान तर्जुमा गर्नुपर्ने ।
- बोक्सीको आरोपमा गरिएका प्रताडना र दुर्व्यवहारबाट भएको मानसिक, सामाजिक, पारिवारिक पीडाबोधको कुनै हर्जाना हुन सक्दैन। पीडकबाट प्राप्त जरिवाना यसर्थ हानिपूरण स्वरूप पीडितलाई उपलब्ध गराउने ।
- बहुविवाह पीडित महिलालाई सहज कानुनी सेवा र आर्थिक आत्मनिर्भरताका लागि सहयोग गर्ने ।
- हिंसा पीडित महिलालाई संरक्षण गर्न ल्याइएको संरक्षण गृहलाई ७५ ओटै जिल्लामा व्यवस्थित गर्नुपर्ने साथै यस्ता महिलालाई स्वआर्जन, आयआर्जन तथा रोजगारका लागि राज्यले नीति निर्माण गर्नुपर्ने ।
- यौन हिंसाका घटनाहरुमा मेलमिलाप गर्न गराउन नहुने ।
- यौन हिंसाका घटनामा द्रुत तथा निष्पक्ष छानविन गर्नुपर्ने
- प्रधानमन्त्री कार्यालयअन्तर्गत रहेको महिला हिंसा विरुद्धसम्बन्धी कार्यालयलाई महिला हिंसासम्बन्धी अध्ययन अनुसन्धान गर्ने निकायका रूपमा परिचालन गर्ने ।
- अन्तर्राष्ट्रिय सन्धिसम्बन्धी प्रतिबद्धताको लागि राष्ट्रिय कानुनहरूमा सोहीअनुरूपको परिमार्जन गर्ने ।
- लिङ्गका आधारमा हुने हिंसाका घटनाको उजागर गर्न नागरिक समाज, सञ्चार माध्यमलगायत सरोकारवालाहरू सक्रिय हुनुपर्ने ।


मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org